प्रदेश सरकार
(प्रदेश नं२)
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

पत्र सँख्यः २०७७।७८
च.नं.

मिती:२०७८।०१।०६

विषयः कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी
प्रति इकाई दरभाउ सहित शिलबन्दी आवेदन (प्रस्ताव) आव्हान
सूचना प्रकाशन मिती:२०७८।०१।०६

यस कार्यालयको आ.व.२०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धनुषा जिल्लाको कृषकस्तरमा कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्ति कार्य यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा कृषकस्तरमा आपूर्ति गर्नु पर्ने भएकोले यस जिल्लामा कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्ति गर्ने यन्त्र उपकरण तथा विक्री पश्चातको सेवा प्रवाह गर्न जनशक्ति भएको तथा आपूर्ति आदेश भएको बेलामा तुरन्त कृषकस्तरमा आपूर्ति गर्न पावर टिलर, रिपर÷रिपरबाइन्डर, ट्रेक्टर एटैचमेन्ट रिपर, थ्रेसर, एम बि प्लो, लेजर लाण्ड लेभलर लगायत अन्य आवश्यक फार्म मेशिनरी सामग्रीहरु आफूसँग मौजदात भएको, इच्छुक आपूर्तिकर्तावाट यो सूचना प्रकाशित भएको मितीले १५दिन (मिती:२०७८।०१।२०गते) भित्र तोकिएको ढाँचामा माल सामानहरुको विशिष्ट गुण (स्पेशिफिकेशन) सहित फर्म दर्ता, कर दर्ता÷कर चुक्ता प्रमाण लगायत अन्य आवश्यक कागजात प्रमाणपत्रहरु सहित विस्तृत विवरणहरु उल्लेख गरी प्रति इकाई दरभाउ सहित शिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।
प्रति इकाई लागत अनुमान वा सोभन्दा न्यून प्राप्त प्रस्तावहरु मध्ये न्यूनतम मूल्यको आधारमा अनुदान स्वीकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुले कार्यालयसँग प्रति इकाई आपूर्ति सम्झौता गरी यस कार्यालयको सिफारिसको आधारमा कृषकलाई विक्रि पश्चात कूल लागत मध्ये कृषक दायित्वको रकम कृषकवाट नै बुझिलिई कृषकलाई कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्ति गरेको भरपाई सहित आपुर्ति (बिक्रि) परिमाणको आधारमा बिल भरपाई लगायतको कागजात पेश गरी स्वीकृत÷तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारीत आपूर्ति प्रक्रिया अनुसार कार्य संचालन हुने छ । आवेदन (प्रस्ताव) फारम रु. एक हजार मात्र (पछी फिर्ता नहुनेगरी) भुक्तान गरी यस कार्यालयवाट प्राप्त गर्न सकिन्छ । अन्य विस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ ।
आवेदन (प्रस्ताव)फारम सम्बन्धी सम्र्पूण अधिकार यसै कार्यालयमा निहित छ ।

कर्यालय प्रमुख